नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (आर्थिक प्रशासन शाखा)

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७६/७७
चलानी नम्बरः ६२७

मितिः- २०७६/११/०७

विषयः- प्राविधिक २ (दुई) ग्रेडको कार्यान्वयन सम्बन्धमा ।

श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय (सबै)
श्री स्थानीय तह (सबै)
श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहर भवन, ललितपुर ।
श्री स्थानीय विकास विभाग, श्रीमहल, पूल्चोक ।

२०५७/४/१ भन्दा पहिले प्राविधिक पदमा नियुक्ती पाई कार्यरत कर्मचारीहरुले खाईपाई आएको प्राविधिक २(दुई) ग्रेडका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट २०७६/०१/१५ मा भएको फैसला/ आदेशको कार्यान्वयन देहाय बमोजिम गर्नु/ गराउनु हुन नेपाल सरकार (म.प.) को मिति २०७६/१०/२७ को निर्णयानुसार अनुरोध छ भनी अर्थ मन्त्रालयको च.नं. ५६९ मिति २०७६/११/०४ को पत्रबाट लेखि आएको हुँदा आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

१. प्राविधिक कर्मचारीहरुले मिति २०७३/०४/०१ पश्चात पाउने १ दिन बराबरको प्राविधिक २ (दुई) ग्रेड बापत हुने रकमबाट भुक्तानी पाइसकेको एकमुष्ट रकम घटाई बाँकी रकम मात्र भुक्तानी दिने व्यवस्था मिलाउने,
२. हाल पदमा बहाल नरहेका तर यस बीचमा सेवा निवृत्त भइसकेका भए निजहरुलाई समेत प्राविधिक ग्रेड वापतको फरक रकम उपलब्ध गराउने,
३. २०७६ माघ महिनादेखि त्यस्ता कर्मचारीको तलबमानमा नै १ दिनको तलब बराबरको १ (एक) ग्रेडको दरले हुने २ (दुई) ग्रेडको रकम समावेश गर्ने ।

२०७६/११/०७

उमेश्वर प्रसाद काफ्ले
लेखा अधिकृत

बोधार्थः-
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- मन्त्रालयको website मा राखिदिनु हुन ।
सिंहदरबार, काठमाण्डौ